जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९,

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ५७ २०८१ साल असोज ७ गते सोमबार (23 Sep. 2024 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : सन्तानवती मिथिलानी जितीयाको... ३ पृष्ठमा : कोशी प्रदेशसभा : बजेट पारित, २२ ... ३ पृष्ठमाभविष्यका लागि शिखर ...

# प्रेस काउन्सिलद्वारा विभिन्न विधाका सञ्चारकर्मी पुरस्कृत



**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असोज ।**

प्रेस काउन्सिल नेपालले विभिन्न विधाका पत्रकारहरुलाई पुरस्कार प्रदान गरेको छ । काउन्सिलको ५५ औँ वार्षिकोत्सवको अवसरमा आइतबार राष्ट्रपति भवन शीतल निवासमा आयोजना गरिएको कार्यक्रममा उनलाई पुरस्कार प्रदान गरिएको हो ।

यसै क्रममा यसबर्षको 'प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार' अन्नपूर्ण पोष्ट दैनिकका प्रधानसम्पादक अखण्ड भण्डारीलाई प्रदान गरिएको छ ।

यस्तै सोही विधामा संस्थागततर्फ नेपाल प्रेस इन्स्टिच्युट (एनपिआई) लाई पुरस्कृत गरिएको हो । पुरस्कारको राशि एक लाख ५१ हजार रुपैयाँ रहेको प्रेस काउन्सिलले जनाएको छ ।

काउन्सिलले एक लाख १० हजार रुपैयाँ राशिको 'प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार' प्रेस युनियनका पुर्व अध्यक्ष पत्रकार बद्री सिग्देललाई प्रदान गरेको छ भने ५० हजार रुपैयाँ राशिको 'प्रेस काउन्सिल आचारसंहिता पुरस्कार' रातोपाटी डटकमलाई प्रदान गरेको छ ।

यसैगरी, २० हजार राशिको यस बर्षको 'प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पुरस्कार' सञ्चारकर्मी होम कार्की (काठमाडौं), प्रकाश तिमिल्सिना (काठमाडौं), श्याम श्रेष्ठ (केएमजी ग्रुप) (काठमाडौं), शिवराज भट्ट (कैलाली) र लीलाराज भट्टराई (सुनसरी) लाई प्रदान गरिएको छ ।

'प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार' पत्रकारहरू दुर्गा खनाल (कान्तिपुर), कृष्ण पौडेल (काठमाडौं), दीपक रिजाल (काठमाडौं), रोशन श्रेष्ठ ( काठमाडौं), खडकबहादुर श्रेष्ठ ( प्रताप) (पर्सा), प्रकाशचन्द्र भट्टराई (तनहुँ), दिलीप पौडेल (बाग्लुङ), ध्रुव सुबेदी (भोजपुर), रमेश तिवारी (झापा), शन्तराम बिडारी ( काठमाडौं), राजेन्द्र कार्की ( जाजरकोट), लक्ष्मण तिवारी ( कञ्चनपुर), भरतराज विष्ट ( कालीकोट) र सविन प्रियासन ( थारू) (दाङ) लाई प्रदान गरिएको छ । यो पुरस्कारको राशि जनही १२ हजार रुपैयाँ रहेको छ ।

दश हजार रुपैयाँ राशिको 'प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार' पत्रकारहरू आश गुरुङ (लमजुङ), सङ्गीता तिमिल्सिना ( बाजुरा), पुष्प बराल (झापा), भानुभक्त आचार्य (कैलाली), अरुण बम (डोटी), रुद्रमणि भुसाल ( अर्घाखाँची), प्रविर ददेल (रुकुम पश्चिम), केदार शिवाकोटी ( दोलखा), अनिल खत्री (गुल्मी), नारायण ढुङ्गाना (चितवन) र मुकुन्द भण्डारी (रेडियो नेपाल) लाई प्रदान गरिएको छ ।

'प्रेस काउन्सिल महिला सशक्तीकरण पुरस्कार' प्रतीक्षा काफ्ले (स्याङ्जा), इन्दिरा अर्याल (पाल्पा), कालिका खड्का ( दोलखा) र रुपनी जिएम (बाँके) लाई दिइएको छ । पुरस्कारको राशि जनही १० हजार रुपैयाँ रहेको छ ।

यो वर्षको 'प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कार' रमेश विश्वकर्मा (गुल्मी), श्रवण देव (सप्तरी), बिना श्रीवास्तव ( रौतहट), श्यामबाबु यादव (बारा) र रामसुकुल मण्डल (महोत्तरी) लाई प्रदान गरिएको छ । सो पुरस्कारको राशि पनि १० हजार रुपैयाँ रहेको छ ।
यस मध्येका श्रवण कुमार देव नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष हुन् । सप्तरीलाई कार्यक्षेत्र बनाएर उनी दुई दशक देखि पत्रकारिता गर्दै आएका छन् ।

जनही दश हजार रुपैयाँ राशिको 'प्रेस काउन्सिल विधागत पत्रकारिता पुरस्कार' पत्रकार निरजराज जोशी, श्यामकृष्ण दाहाल, ज्ञानेन्द्र कार्की (फोटो पत्रकार, नयाँ पत्रिका), भागवत भट्टराई (सेतोपाटी), अखिल सिटौला (काठमाडौं) र प्रकाश आचार्य ( बुटवल) लाई प्रदान गरिएको छ ।

त्यसैगरी जनही दश हजार राशिको 'प्रेस काउन्सिल साहित्यिक पुरस्कार' र 'प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार' क्रमशः हाम्रो पुरुषार्थ ( साहित्यिक पत्रकार) र नेपाल भाषा, नपेन्द्रलाल श्रेष्ठ (लहान साप्ताहिक) ले प्राप्त गरेका छन् ।

त्यसैगरी, काउन्सिलले यस वर्षको उत्कृष्ट कर्मचारी पुरस्कार सहप्रशासकीय अधिकृत रामशरण बोहोरा, मिडिया अनुगमनकर्ता विशाल पौडेल र प्रोत्साहन पुरस्कार हलुका सवारी चालकहरू यमकुमार बुढाथोकी र दलबहादुर देवकोटालाई प्रदान गरिने निर्णय भएको छ । यस वर्षको दीर्घसेवा पदक विष्णुप्रसाद न्यौपानेले ( कार्यालय सहयोगी), २० वर्षे दीर्घसेवा पदक) प्राप्त गरेका छन् ।

# दसैंसम्म पानी पर्ने सम्भावना

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असोज ।**

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान शाखाले आगामी मंगलबारसम्म वर्षा हुने पूर्वानुमान गरेको छ ।

मौसम विभागकी बरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले यो वर्ष दसैंसम्म पानी पर्ने सम्भावना रहेको जानकारी दिइन् ।

देशभर मनसुनी वायुको प्रभाव कायमै रहेको छ र आगामी केही दिन देशका अधिकांश भागमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको उनले बताइन् ।
मनसुनको न्यून चापीय रेखा औसत स्थानको दक्षिणतिर रहेको हुँदा वर्षाको सम्भावना अझै सक्रिय रहेको विभागको भनाई रहेको छ ।

अघिल्लो वर्ष असोजको पहिलो सातामा मनसुन सकिने भए पनि यो वर्ष लम्बिएको मौसमविद् मानन्धरले बताइन् । भारतमा पनि यो वर्ष मनसुन लम्बिएको बताउँदै उसले पनि अहिलेसम्म मनसुन सकिएको घोषणा नगरेको उल्लेख गरिन् ।

हाल देशको पहाडी भू-भागमा आंशिकदेखि साधरणतया बदली रहेको छ भने बाँकी भागमा मौसम आंशिक बदली रहेको छ ।
कर्णाली प्रदेशका केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्का बर्षा भइरहेको विभागले जनाएको छ ।

सोमबार दिउँसो कोशी प्रदेश लगायत देशका पहाडी क्षेत्रमा आंशिकदेखि साधरणतया बदली रहने, थोरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागको भनाई छ । रातिको समयमा कोशी, मधेस, र बागमती प्रदेशका केही स्थानहरूमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षा हुनसक्ने सम्भावना रहेको छ । कोशी र मधेस प्रदेशका केही स्थानमा भारी वर्षा पनि हुनसक्ने जनाएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

# तीन दिने योग तपस्या शिविर शुरु



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र क्षेत्रिय कार्यालयले तीन दिने योग तपस्या भठ्ठी कार्यक्रमको शुरुवात गरेको छ ।

राजबिराजमा आईतबार पत्रकार सम्मेलनको आयोजना गरी ब्रह्माकुमारी यातायात तथा पर्यटन प्रभागका केन्द्रिय अध्यक्ष गुणराज लामिछानेले कार्यक्रमको उद्देश्यबारे जानकारी दिएका हुन् ।

आध्यात्मिक सशक्तिकरण द्वारा स्वच्छ तथा स्वस्थ्य समाजको निर्माण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले बताए । गाँस बास र कपास सँगै चेतनाको लागि अध्यात्मिक चेतनाको बिकास आवश्यक रहेको भन्दै उनले मानिसलाई अन्तिरक शान्ति र तनावबाट मुक्ति गराउने आफूहरुको लक्ष्य रहेको स्पष्ट पारे ।

९ख्स्यस्तै भारत बिहारको मधेपुरा केन्द्र प्रमुख रंजु दिदीले अध्यात्मिक चिन्तनले नकारात्मक विचार हटाएर सकारात्मक सोचको विकासका लागि यो कार्यक्रम प्रभावकारी रहेको बताईन् ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र क्षेत्रिय कार्यालयका प्रमुख भगवती दिदीले तीन दिन सम्म चल्ने योग तपस्या भठ्ठी कार्यक्रमा विहारको सुपौल, मधेपुरा, मधुवनी जिल्ला र सप्तरी, उदयपुर, दिक्तेल तथा खोटाँगबाट एक हजार जनाको सहभागिता रहने जानकारी दिईन् । उनले यस कार्यक्रमबाट एक हजार जना प्रशिक्षित हुने बताईन् ।

यसैबीच सोही कार्यक्रमा संचारकर्मीहरुलाई सम्मान समेत गरिएको छ । सम्मानित हुनेहरुमा नेपाल पत्रकार महासंघका पुर्व अध्यक्ष एवं प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झा, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनय कर्ण, पत्रकार बृजमान तामाङ, रामनारायण यादव र रामनाथ यादव रहेका छन् ।

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडौंलाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मिसावटप्रति ध्यान पुगोस्

विभिन्न दैनिक उपभोग्य सामानसहित चामल, दाल, मासु, दूधमा समेत मिसावटहरु भइरहेको कुरा नौलो रहेको छैन् । यद्पी यसप्रति सरोकारवाला निकायको अझै ध्यान पुग्न सकेको छैन् । यसबाहेक पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसावट गर्ने गरिएको छ । खासगरी स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसावट हुँदै आएको छ । २० किलोको प्याक भएको चामल खरिद गर्दा आधा किलोसम्म अखाद्य वस्तु अर्थात इँटाका साना टुक्राहरु फेला परिरहेका छन् भने खसीको मासुमा बाखाको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा इँटाको धूलो मिसाउने काम भइरहेको छ ।

अहिले चाडपर्वको बेला हो । यस्तो बेलामा मिसावट अत्याधिक हुने गरेको पाइन्छ । हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोग हुँदै आएको छ । व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् । यदी लगातार खाद्यवस्तुमा मिसावट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्नेछ । खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ । हुनत अहिलेको समयमा अधिकांश खाद्यान्नमा मिसावट भएको पाइन्छ ।

तसर्थ स्वयम उपभोक्ताले पनि यसप्रति ध्यान दिनु आवश्यक छ भने स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कठघरामा उभ्याउन सम्बन्धीत निकाय गम्भिर हुनु आवश्यक छ । उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरि अनुगमनलाई नै पनि प्राथमिकतामा राख्नु उत्तिकै जरुरी छ ।

# सन्तानवती मिथिलानी जितीयाको पूर्वतयारी

**गोपालप्रसाद बराल**

महोत्तरी, ६ असोज (रासस) ।

पितृपक्ष सुरु भयो कि मधेसको मिथिलाक्षेत्रमा जितिया पर्वको तयारी सुरु हुन्छ । महोत्तरीसहितका मधेसको मिथिला क्षेत्रका सन्तानवती आमाहरू अहिले जितियाको तयारीमा छन् । पितृपक्ष ( सोह्रश्राद्ध)को अष्टमी तिथिका दिन गरिने यो ब्रत यसपालि आउने मङ्गलबार परेको छ ।

असोज कृष्णपक्ष अर्थात् पितृपक्षको अष्टमी तिथिका दिन गरिने यो ब्रत कमसेकम एक अहोरात्रको हुने चलन छ । अष्टमी तिथि टेकिएकै दिन गरिने यो ब्रत भोलिपल्ट अष्टमी तिथि कटेर नवमी एक घडी कटाएरमात्र समापन गरिन्छ । यसअनुसार यसपालि आउने मङ्गलबार साँझ ६:०० अष्टमी तिथि लाग्ने हुँदा सोही दिन सन्तानवती मिथिलानीले ब्रत गर्ने निधो गरेका छन् । कमसेकम एक अहोरात्रको ब्रत विधानले सोमबार मध्यरातअघि ओगटन (दर) खाएका मिथिलानीले बुधबार साँझ ५:४५ बजे नवमी तिथि लागेपछि ब्रत समापन गर्नेछन् ।

यसपालिको ब्रत अवधि झण्डै ४० घण्टाको हुने ब्रतको तयारीमा रहेकी भङ्गाहा-४ रामनगरकी रसिया चौधरी थारू बताउनुहुन्छ । सन्तानको सौर्यवृद्धि र सद्गुणको कामनाका साथ गरिने यो पर्वका बर्तालु आमाले आफ्ना सन्तान परोपकारी र आपत्मा परेकाहरूलाई सघाउनसक्ने होउन् भन्ने इष्टदेवसँग पुकारा गर्छन् । असोज कृष्ण अष्टमीका दिन निराहार उपवास गरिने जितिया पर्वका लागि पितृपक्ष सुरु हुनासाथै सन्तानवती आमाहरू आफ्ना सन्तान सुयोग्य हुने कल्पना गर्छन् ।

जितिया ब्रत छोराका लागि बस्ने केही बर्ष पहिलेको मिथिलाको चलन अब परिष्कृत हुँदै गएको छ । अब बर्तालु आमाले यो ब्रत आफ्ना सन्तानका लागि गरिएको बताउन थालेपछि छोरीहरूले पनि सन्तान हुनुको गर्वानुभूति गर्न थालेका महिला नेतृ मञ्जु यादव बताउनुहुन्छ ।

छोराका लागि ब्रत भनिँदा छोरीहरूप्रति बिभेद भएको कुरा मधेसमा महिला अधिकारकर्मीहरूले सघन रूपमा उठाएपछि अचेल सन्तानका लागि ब्रत गरिएको भन्ने चलन चलेको सम्सीको गेढाभेटपुरकी अगुवा महिला रेखा झाको भनाइ छ । मधेसका मिथिला क्षेत्रका थारू बाहुल्य बस्तीमा यो पर्वको बढी चर्चा हुनेगर्छ । मिथिलाका सबै जाति समुदायमा पर्वको चलन भए पनि थारू बस्तीमा भने यो पर्वको विशेष चर्चा र तयारी देखिन्छ । थारू बस्तीमा जितियाका लागि घर रङरोगन र लिपपोत पितृपक्ष सुरु हुनासाथै गरिन थालिन्छ । झुरुमुट्ट घरैघर देखिने थारू बस्तीमा सबै जितीया केन्द्रित सरसफाइ र अन्य तयारीमा लागेपछि यहाँ यो पर्वको रौनक केही दिन पहिले नै देखिन्छ ।

देवदूत मानिने जितवाहनको आराधना गरिने यो पर्व निष्ठा र सन्तानप्रतिको समर्पणभावको प्रतीक मानिन्छ । ब्रतको अभिष्ठ नै उपकारी सन्तान हुन् भन्ने हुँदा धन, वैभव र सुखसयलका कुरा यो पर्वमा आमाहरूले सोच्दैनन् । 'सबदिस स तोहर बेटाबेटी बड सज्ञान अई कहल सुन पाबी' ( सबैतिरबाट तिम्रा सन्तान ज्ञानी छन् भनेको सुन्न पाऊँ) ब्रतको तयारीमा रहेकी बर्दिबास-९ पशुपतिनगरकी शैल महतो भन्नुहुन्छ, "हमर बेटा/बेटी ककरो धारबिगार नई करोक, भगवान् जितवाहन'क आशिर्वाद स हमर सन्तानसब सत्यपर चलवाला आ उपकारी बनौक' (मेरा छोराछोरीले कसैको बिगार नगरुन्, भगवान् जितवाहनको कृपाले मेरा सन्तान सत्यको पक्षमा हिँड्ने र उपकारी बनुन्) ।

पितृपक्षको अष्टमी तिथिको भोग रहने पूर्वरातमा 'ओगटन' ( दर) खाएर अष्टमी तिथिमा ब्रत गरिन्छ । अष्टमी सकिएर नवमी लागेपछि एक घडि कटाएर ब्रत समापनको परम्परा छ । छोड्दो अष्टमीका दिन अहोरात्र ब्रत बसिने यो पर्वको 'ओगटन' अष्टमी तिथि सुरु हुन एक घडि पूर्व नै खाइसक्नु पर्ने ब्रत विधान रहेको बर्तालु बताउँछन् । यद्यपि ब्रत सरल बनाउन नयाँ पिँढीका आमाहरूले ब्रतको दिन सूर्योदय हुन एक घडी (साढे दुई घण्टा) अघि ओगटन खान सकिने बताउन थालेका छन् । यसरी ब्रत लिनेका लागि पनि ३६ घण्टाको ब्रत हुने देखिन्छ ।

जितिया पर्वको 'ओगटन'मा दही, चिउरा खाने चलन छ । यस चलनले अहिले मिथिलाका बस्ती-बस्तीमा जितियाकै लागि शुद्ध दूधको जोहोमा ब्रतको तयारीमा रहेका आमाहरू लगेका छन् । यस पर्वमा निराहार ब्रत सुरु गरिएपछि समापन नहोउञ्जेल थुक निल्नु, अञ्जानमै पनि कीरा, फट्याङ्ग्रा र झारपात मारिनु, चुँडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ ।

मिथिलामा यो पर्व सबै आमाले निष्ठापूर्वक मनाउँछन् । "सन्तानको दीर्घजीवन, सौर्यबृद्धि र कल्याणको कामना गर्दै आमाले गर्ने जितिया ब्रतको प्रभावले नै शारीरिक तन्दुरुस्ती र सामाजिक इज्जत प्राप्त हुने जनविश्वास छ", मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का महेशकुमार झा भन्नुहुन्छ, "समाजमा कुनै लुरे वा डरछेरुवा देखिए यसका लागि आमाले जितिया ब्रत गरिनछन् भन्ने टिप्पणी जोसुकैले गर्छन् ।" मिथिलामा ब्रतबारे गरिने यस्ता टिप्पणीले नै यसको महत्ता बुझ्न सकिने झाको थप भनाइ छ ।

पर्वका बर्तालुले दिवङ्गत मातृबंश (आमा, सासू, फूपू, दिदी, जेठानी/देउरानी आदि)लाई तृप्त गर्न तर्पण दिन्छन् । दिवङ्गत मातृवंशलाई तर्पण दिँदै आफ्ना सन्तानसँगको नाता खुलाएर उसको कल्याण गर भन्ने कामना हुन्छ । पर्वमा सप्तमीका दिन ( निराहार ब्रतको एक दिन पहिले) एकाबिहानै पबित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर ब्रत सङ्कल्प गरिन्छ । बर्तालुले त्यहीँ नै तीन पुस्ताभित्रका दिवङ्गत मातृवंश ( दिवङ्गत आमा, बज्यै, सासू, जेठानी, बूढीसासू, नन्द-आमाजु, जेठानी, देउरानी आदि)लाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरूको भनाइ छ । ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्र (नाति), प्रपौत्र (पनाति) र उनका सन्तानको कल्याण गर, उनीहरूलाई दीर्घजीवी बन्ने आशीर्वाद देऊ' भन्ने कामना गरिन्छ ।

ब्रत अवधिमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी हउन् भन्ने कामना गर्छन् । अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन ( देवरुप)ले आफ्नो आर्जित तपशक्तिबाट बचाइदिएको पौराणिक कथाको आधारमा यो कठोर ब्रत बस्ने परम्परा बसेको पाका मैथिल बताउँछन् । राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा उल्लेख छ । यसकारण यो पर्वको थालनी भविष्यपुराणकै रचनाकाल द्वापरयुगमा सुरु भएको मानिने गरिएको मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद बिमल बताउनुहुन्छ ।

## मध्यभोटेकोशीले एक महिनाभित्र बिजुली उत्पादन गर्दै

काठमाडौँ, ६ असोज (रासस) ।

नेपाल बिद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलबिद्युत् कम्पनी लिमिटेडको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाट क्षमताको मध्यभोटेकोशी जलविद्युत् आयोजनबाट एक महिनाभित्र विद्युत् उत्पादन गर्नेगरी काम अघि बढाइएको छ ।

बाह्रबीसे नगरपालिका-५ स्थित आयोजनाको विद्युतगृहको स्वीचयार्डबाट सोही नगरपालिका-३ स्थित प्राधिकरणको बाह्रबीसे सबस्टेसन जोड्ने करिब चार किलोमिटर प्रसारण लाइनमध्ये दुई किलोमिटर लाइन निर्माणमा स्थानीयसँग सहमति जुटेपछि अहिले तार तान्ने काम भइरहेको छ । कूल दुई सय २० केभी सिङ्गल सर्किट प्रसारण लाइनको तार तान्ने काम दसैं अगाडि सकिने छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ, सिन्धुपाल्चोका-२ का सङ्घीय सांसद मोहनबहादुर बस्नेत, मन्त्रालयका सहसचिव सन्दीपकुमार देव, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान

*बाँकी तीन पृष्ठमा*

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं । -घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोशी प्रदेशसभा : बजेट पारित, २२ महिनापछि समितिका सभापतिहरु चयन

विराटनगर, ६ असोज (रासस)।
कोशी प्रदेशसभाको पाँचौं अधिवेशन अन्त्य भएको छ। कोशी प्रदेशका प्रमुख पर्शुराम खापुङको कार्यालयबाट नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम अधिवेशन अन्त्यको पत्र सभामुख अम्बरबहादुर विष्टले सदनमा पढेर सुनाएसँगै अधिवेशन समापन भएको थियो।

त्यसअवसरमा सभामुख विष्टले कोशी प्रदेशसभाले यसपटक समयमै बजेट पारितगरी समितिका विषयगत सभापतिसमेत चयन गर्न महत्वपूर्ण सफलता हासिल गरेको बताउँदै सभालाई मर्यादित रुपमा सञ्चालन गर्न सत्तापक्ष र विपक्षसमेत सबैले गरेको सहयोगप्रति आभार प्रकट गर्नुभएको थियो।

गत वैशाख ३१ गते सुरु भएर झण्डै चार महिना चलेको सो अधिवेशनमा २० पटक बैठक बसेको थियो। कोशी प्रदेशसभा सचिवालयका अनुसार यस अवधिमा बैठक ४७ घण्टा ५८ मिनेट ४३ सेकेन्ड चलेको थियो। सचिवालयका अनुसार पाँचौं अधिवेशनको अन्तिमसम्ममा शून्य समय ८४ पटक र वार्षिक नीति तथा कार्यक्रम, विधेयक तथा मुख्यमन्त्रीको विश्वासको मतसम्ममा एक सय ४३ पटक प्रदेशसभा सदस्यले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

यस अधिवेशनमा आर्थिक विधेयकबाहेक अरु तीन विधेयक पारित भए। केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश निजामती सेवा ऐनलाई संशोधन गर्न बनेको विधेकय, २०७९ (२०८१) तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०८१ पारित भएका छन्।

प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकमा चार संशोधन प्रस्ताव दर्ता भएकामा अधिकांश संशोधन सरकारले स्वीकार गरेकाले संशोधनकर्ता प्रदेशसभा सदस्यहरुले संशोधन फिर्ता लिएपछि उक्त विधेयक सर्वसम्मतले पारित भएको थियो। यस्तै प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐनलाई संशोधन गर्न बनेको २०७७ (विधेयक २०८१) मा कुनै संशोधन सर्वसम्मतिले पारित भएको छ।

यही सभामा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत प्राप्त गर्नुभएको छ। दुई तिहाइ मतसहित उहाँले विश्वासको मत प्राप्त गर्नुभएको हो। कोशी प्रदेशमा ९३ प्रदेशसभा सदस्य छन्। नेकपा (एमाले)का ४०, नेपाली कांग्रेसका २९, नेकपा (माओवादी केन्द्र)का १३, राप्रपाका छ, नेकपा (एकीकृत समाजवादी)का चार र जसपाका एक प्रदेशसभा सदस्य छन्। कोशी प्रदेशमा नेपाली कांग्रेसको समर्थन र सहभागितामा एमालेको सरकार छ।

मत विभाजनको प्रक्रियामार्फत भएको मतदानमा पक्षमा ६६ मत प्राप्त भएको थियो भने विपक्षमा १५ मत प्राप्त भएको छ। एकीकृत समाजवादीका दुई सदस्यले मतदानमा भाग लिएनन्। मतदानका क्रममा प्रदेशसभाका ८३ सदस्य उपस्थित रहेका थिए। यसअघि मुख्यमन्त्री कार्कीले वैशाख ३१ गते विश्वासको मत लिनुभएको थियो। गत भदौ १४ गते माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि पुनःविश्वासको मत लिनुपरेको हो।

यही अधिवेशनमा प्रदेशसभाको दोस्रो कार्यकालको २२ महिनासम्म विषयगत समितिका सभापति छनोट हुन सकेका थिएनन्। पछिल्लो समयमा केन्द्रीय राजनीतिमा आएको परिवर्तन पछि कोशी प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेको समीकरण बनेपछि कोशी प्रदेशमा सातवटै समितिमा सर्वसम्मतले सभापतिहरु चयन भएका छन्। त्यसमा एमालेका तीन, नेपाली कांग्रेसका तीन र माओवादी केन्द्रका एक जना निर्विरोध निर्वाचित भएर कोशी प्रदेशसभामा सहमति, सहकार्य र एकता देखिन पुगेको छ।

कोशी प्रदेशसभामा आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले ल्याएको सिद्धान्त र प्राथमिकता तथा त्यसमा आधारित नीति र कार्यक्रमअनुसार सरकारले करिब रु ३५ अर्बको वार्षिक बजेट प्रस्तुत गरेको थियो। बजेटमा आएका प्रतिक्रिया र सुझावलाई मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सकारात्मक रुपमा लिने र यसलाई विधि एवम् प्रक्रियाबाट परिस्कृत गर्ने घोषणा गर्नुभएपछि बजेट पनि सर्वसम्मतले पारित भएको थियो।

अधिवेशन समापनका अवसरमा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङले अब सरकारले कुरा गर्ने होइन काम गरेर देखाउनुपर्ने सुझाव दिँदै नेपाल निर्माण गर्न एमाले र नेपाली कांग्रेसको नयाँ समीकरण बनेको जानकारी दिनुभयो। एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले अहिलेको सरकारले जनतालाई दिने सेवाप्रवाहलाई अझ व्यवस्थित गर्ने भन्दै सरकार बनेको थोरै समयमा प्रदेशबाट अस्थायी सवारी चालक अनुमतिपत्र दिने काम सुरु गर्नु र प्रदेशमा देखिएका बेरुजु खर्च घटाउनु सराहनीय रहेको बताउनुभयो।

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले प्रदेशसभा राजनीतिक अस्थिरताको छायाँ बन्न नहुने बताउँदै प्रदेशसभा स्वतन्त्र रुपमा चल्नुपर्ने जिकिर गर्नुभयो। एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले सरकारले आन्दोलन र निर्वाचनताका जनतासँग गरेको कबुल पुरा गर्न सुझाव दिँदै सरकारले समयको सङ्केत बुझेर काम गर्न आग्रह गर्नुभयो।

राप्रपा संसदीय दलका तर्फबाट निमसरी राजवंशीले सरकारको राम्रो कामको समर्थन र खराब कामको खबरदारी गर्ने जनाउँदै सरकारले चाडपर्वको समयमा सीमाक्षेत्रमा हुने तस्करी, लागू र दुर्व्यसनीलाई नियन्त्रण गर्न आवश्यक कदम चाल्नुपर्ने माग गर्नुभयो। जनता समाजवादी पार्टी संसदीय दलका नेता निर्मला तावा लिम्बूले आफ्नो पार्टीले सरकारलाई सहयोग गर्ने वातावरण हुँदाहुँदै पनि सरकारले आफ्हरुसँग विश्वासको मतका लागि आग्रह नगरेकामा दुःख व्यक्त गर्नुभयो।

विगतमा विशेष समय र शून्य सममयमा उठेका प्रश्नहरुको जवाफ दिँदै आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेशमा देखिएका समस्यालाई समाधान गर्न सरकार गम्भीर रहेको बताउनुभयो। उहाँले सङ्घमा कतिपय कानुन निर्माण नभएकाले प्रदेश सरकार अप्ठ्यारोमा पररिहेको गुनासो गर्नुभयो।

मुख्यमन्त्री कार्कीले राससससँग कुरा गर्दै हालसम्म प्रदेशसभाले ७० कानुन बनाइसकेको जानकारी दिँदै आगामी हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा अघि सार्दै एक दर्जन कानुन बनाउने गरी तयारी थालेको जानकारी दिनुभयो।

## मध्यभोटेकोशीले ...

घिसिङ, बाह्रबीसे नगरपालिका प्रमुख बालकृष्ण बस्नेत तथा वडाध्यक्षहरु, सहायक प्रमुख जिल्ला अधिकारी, उद्योग वाणिज्य सङ्घका अध्यक्ष र आयोजनाबीच गत १३ भदौमा भएको छलफलमा करिब १४ महिनादेखि अवरोध रहेको प्रसारण लाइन निर्माणमा सहमति जुटेको थियो। बाँधक्षेत्रको निर्माण सम्पन्न गरी पानी हालेर परीक्षणसमेत भइसकेको छ।

आयोजनाको मुख्य सुरुङ निर्माणगरी गत वर्षको फागुनमा परीक्षण सुरु गरिएको थियो। परीक्षणका क्रममा मुख्य सुरुङको करिब एक हजार चार सय मिटर खण्डमा पानी चुहिएपछि त्यसको मर्मत र सुधार सम्पन्न गरिएको छ। हाल सुरुङ सफाइ भइरहेको छ भने १५ दिनपछि सुरुङमा पानी भर्न सुरु हुनेछ।

विद्युत्गृहमा सिभिल निर्माण सम्पन्न भई इलेक्ट्रोमेकानिकल उपकरण जडान एवं परीक्षण भइरहेको छ। सुरुङबाट पानी आउनसाथ उपकरणको 'वेट टेस्ट' सुरु हुनेछ। बाँकी सम्पूर्ण काम एक महिनाभित्र सम्पन्नगरी विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यका साथ काम भइरहेको जनाइएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायत सम्मिलित टोलीले शनिबार आयोजना निर्माणस्थल निरीक्षण भ्रमणगरी एक महिनाभित्र जसरी पनि विद्युत् उत्पादन हुनेगरी काम गर्न आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीलाई निर्देशन दिएको छ। राज्यमन्त्री तामाङले बाँकी रहेका काम द्रुत अगाडि बढाउन र आयोजना व्यवस्थापनका सम्पूर्ण कर्मचारी साइटमै बसेर काम सम्पन्न गर्न निर्देशन दिनुभयो।

मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन सुरु भएपछि सोही विद्युत् प्रयोगगरी प्राधिकरणले निर्माण गरेको बाह्रबिसे सबस्टेसनलाई चार्ज गरिनेछ। कुल २२०/१३२ केभीको बाह्रबिसे सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ।

मध्यभोटेशीको विद्युत् प्रवाहका लागि अस्थायी रूपमा वैकल्पिक व्यवस्था गरिएको छ। कूल दुई सय २० केभी प्रसारण लाइनबाट बाह्रबिसे सबस्टेसनमार्फत एक सय ३२ केभीमा झारेर सोही लाइनबाट प्रवाह गरिने छ। यसका लागि २२ मेगावाटको माथिल्लो चाकु ए जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिव श्री हाइड्रोपावरले निर्माण गरेको एक सय ३२ केभी प्रसारण लाइनलाई बाह्रबिसे सबस्टेसनमा पुऱ्याउने काम भइरहेको छ। उक्त कार्य दसैं अगाडि सम्पन्न गर्नेगरी काम भइरहेको छ।

सोही प्रसारण लाइनबाट मध्यभोटेकोसीको विद्युत् लामोसाँघु सबस्टेसन हुँदै राष्ट्रिय प्रणालीमा समाहित गरिनेछ। अस्थायी वैकल्पिक व्यवस्था खिम्ती-बाह्रबिसे वा बाह्रबिसे-काठमाडौं प्रसारण लाइन सम्पन्न नभएसम्म रहनेछ। उक्त लाइनहरु सम्पन्न भएपछि सोहीमार्फत विद्युत् प्रवाह हुनेछ। जुरे पहिरो, महाभूकम्प, नेपाल-भारत सीमानाकामा भएको अवरोध, भोटेकोशी नदीमा आएको बाढी, कोभिड-१९ को प्रकोप, निर्माण व्यवसायीको कमजोर कार्यसम्पादनले मध्यभोटेकोशीको निर्माण प्रभावित भएको थियो।

आयोजनाको अनुमानित लागत कर्मचारी सञ्चयकोषसँग ऋण सम्झौता हुँदा निर्माण अवधिको ब्याजबाहेक रु १२ अर्ब २८ करोड ३३ लाख रहेको थियो। आयोजनाको सुरुको कूल लागतमध्ये ५० प्रतिशत स्वपुँजीबाट (इक्विटी) र ५० प्रतिशत ऋणबाट जुटाइएको छ।

कम्पनीको जारी पुँजीको ५१ प्रतिशत संस्थापक शेयरधनीमध्येमा प्राधिकरणको १०, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको ३७, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी, नेपाल अरनिको हाइड्रोपावर कम्पनी, सिन्धु इन्भेष्टमेन्ट कम्पनीको र सिन्धु भोटेकोशी हाइड्रोपावर लिमिटेडको एक प्रतिशत शेयर रहेको छ।

कूल ४९ प्रतिशत साधारण शेयरधनी समूहमा (कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता कर्मचारीको १९ दशमलव पाँच, संस्थापक सङ्गठित संस्थाका कर्मचारीको तीन दशमलव पाँच, ऋणदाता संस्थाका कर्मचारीको एक, सिन्धुपाल्चोकवासीको १० र सर्वसाधारणको १५ प्रतिशत शेयर) रहेका छन्। कम्पनीले साधारण शेयर निष्काशन गरी रकम सङ्कलन गरिसकेको छ। कम्पनीका साधारण लगानीकर्ता १० लाख ७५ हजार छन्।

आयोजनाबाट वार्षिक रुपमा ५४ करोड २२ लाख युनिट विद्युत उत्पादन हुनेछ। प्राधिकरणले आयोजनाको विद्युत् हिउँद र वर्षायाममा प्रतियुनिट क्रमशः रु आठ रुपैयाँ ४० र चार रुपैयाँ ८० मा खरिद गर्नेछ। यसबाट कम्पनीलाई वार्षिक रु दुई अर्ब ८० करोड आम्दानी हुनेछ।

## विश्व समाचार

### 'भविष्यका लागि शिखर सम्मेलन' का लागि विश्वका नेता न्यूयोर्कमा

संयुक्त राष्ट्रसङ्घ, ६ असोज (रासस/एएफपी)।
संयुक्त राष्ट्रसङ्घले द्वन्द्वदेखि जलवायुसम्मका २१औं शताब्दीका चुनौतिहरूलाई सम्बोधन गर्ने उद्देश्यले आयोजना गरेको 'सुरक्षित भविष्यका लागि शिखर सम्मेलन (समिट अफ दि फ्युचर)' मा सहभागी हुन विश्वभरका नेताहरू आइतवार न्यूयोर्कमा भेला भएका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२१ मा पहिलो पटक सम्मेलनलाई अन्तर्राष्ट्रिय सहयोगलाई पुनर्जीवित गर्दै मानव इतिहासलाई नयाँ आकार दिने 'एक पुस्तामा एकपटक आउने अवसर' का रुपमा प्रस्ताव गर्नुभएको थियो।

मङ्गलवारदेखि सुरु हुने संयुक्त राष्ट्रसङ्घको ७९औं महासभाका बिचमा आयोजना हुने सम्मेलनमा दर्जनौं राष्ट्रका सरकार प्रमुख र प्रतिनिधिहरूले आइतबार सङ्कटग्रस्त विश्व परिस्थितिसँग तालमेल राख्न 'भविष्यका लागि सम्झौता' स्वीकृत गर्ने अपेक्षा गरिएको छ।

सम्झौताको विषयमा अन्तिम समयमा भएको गहन वार्तापछि, गुटेरेसले केही निराशा व्यक्त गर्दै सदस्य राष्ट्रहरूलाई 'साहस' देखाउन आग्रह गर्नुभयो र आजको खतरालाई प्रभावकारी रूपमा जवाफ दिन सङ्घर्ष गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूलाई बलियो बनाउन 'अधिकतम महत्वाकाङ्क्षा' का लागि आह्वान गर्नुभएको छ।

स्वीकृतिका लागि पेस गरिने सम्झौताको पछिल्लो संस्करणमा नेताहरूले परिवर्तनशील संसारसँग तालमेल राख्न 'लामो सङ्ट' को सामना गर्दै वर्तमान र भावी पुस्ताको आवश्यकता र चासोको रक्षा गर्न बहुपक्षीय प्रणालीलाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

लगभग ३० पृष्ठको यो सम्झौताले बहुपक्षवादप्रति प्रतिबद्धता, संयुक्त राष्ट्रको बडापत्रको समर्थन र शान्ति स्थापनासहित ५६ वटा कार्यको रूपरेखा प्रस्तुत गरेको छ।

यसले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा सुधारका साथै जलवायु परिवर्तनसँग लड्न, निशस्त्रीकरणलाई बढावा दिन र आर्टिफिसियल इन्टेलिजेन्स (एआइ)को विकासलाई मार्गदर्शन गर्ने नयाँ प्रयासमा ध्यान केन्द्रीत गर्न आह्वान गर्दछ।

"सम्झौतामा विभिन्न प्रगतिशील कुराहरू समावेश भएपनि यो महासचिव गुटेरेसले सुरुमा आह्वान गरेको सम्पूर्ण बहुपक्षवादलाई सुधार गर्ने क्रान्तिकारी दस्तावेज होइन," अन्तर्राष्ट्रिय सङ्कट समूहका रिचर्ड गोवानले दस्तावेजबारे टिप्पणी गर्नुभयो।

हालैका दिनमा भएको गहन वार्तापछि रूसले अझै पनि शनिबार प्रकाशित पृष्ठको अन्तिम संस्करणमा आपत्ति जनाएको एक कूटनीतिक स्रोतले बताएको छ। सम्झौता स्वीकृत हुने अपेक्षा गरिएको छ, तर ग्यारेन्टी छैन।

विभिन्न आलोचनाका बावजुद यो अझै पनि "कठिन वर्तमान भूराजनीतिक सन्दर्भमा पनि बहुपक्षवादप्रति हाम्रो सामूहिक प्रतिबद्धतालाई पुष्टि गर्ने अवसर हो", एक पश्चिमी कूटनीतिज्ञले ग्लोबल नर्थ र साउथबीचको विश्वास पुनर्निर्माणको आवश्यकतालाई जोड दिँदै बताउनुभयो। "हाम्रो अर्को काम भनेको सम्झौतालाई जीवन्त रुप दिनु हो, शब्दहरूलाई कार्यमा परिणत गर्नु हो," गुटेरेसले शनिबार बताउनुभयो।

### ट्रम्पद्वारा प्रतिष्पर्धी ह्यारिससँग दोस्रो प्रत्यक्ष बहसको प्रस्ताव अस्वीकार

विल्मिङ्टन, संयुक्त राज्य अमेरिका, ६ असोज (रासस/एएफपी)।
पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो प्रतिष्पर्धी वर्तमान उपराष्ट्रपति कमला ह्यारिससँगको दोस्रो प्रत्यक्ष बैठकको प्रस्ताव अस्वीकार गर्नुभएको छ।

उहाँले केही राज्यहरूमा पहिले नै प्रारम्भिक मतदान भइरहेको हुनाले बहसका लागि 'धेरै ढिलो' भइसकेको बताउनुभएको हो। ट्रम्पले प्रस्ताव अस्विकार गरेको अघिल्लो दिन ह्यारिसले अक्टोबर २३ को बहसका लागि प्रसारणकर्ता सिएनएनको निमन्त्रणा स्वीकार गरेको बताउनुभएको थियो। यदि बहस भएमा सेप्टेम्बर १० मा भएको प्रत्यक्ष बहसपछि दुई प्रतिष्पर्धी उम्मेद्वारबीचको यो दोस्रो बहस हुनेछ।

"अमेरिकी जनतासँग उपराष्ट्रपति कमला ह्यारिस र डोनाल्ड ट्रम्पको अर्को बहस हेर्न पाउने अधिकार छ," ह्यारिसको चुनावी अभियानका अध्यक्ष जेन ओमाले डिलनले एक विज्ञप्तिमा भन्नुभयो।

"मलाई आशा छ ट्रम्प मसँग बहसमा सामेल हुन तयार हुनुहुनेछ," ह्यारिसले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्नुभएको थियो। उत्तरी क्यारोलिनाको एक चुनावी ऱ्यालीमा ट्रम्पले आफू बहसका लागि इच्छुक रहेको तर केही राज्यहरूमा प्रारम्भिक मतदान सुरु भइसकेकाले धेरै ढिला भइसकेको बताउनुभएको थियो।

### इरानी खानी दुर्घटनामा मृत्यु हुनेको संख्या ५१ पुग्यो

तेहरान, ६ असोज (रासस/एएफपी)।
इरानको पूर्वी क्षेत्रमा भएको कोइला खानी विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या ५१ पुगेको इरानको सरकारी सञ्चारमाध्यमले आइतबार जानकारी दिएका छन्।

"ताबास खानीमा भएको विस्फोटमा परी मृत्यु हुने कामदारको सङ्ख्या ५१ पुगेको छ भने घाइतेको सङ्ख्या २० पुगेको छ," सरकारी समाचार संस्था इर्नाले जनाएको छ।

यसअघि, पूर्वी इरानको एक कोइला खानीमा ग्यास चुहिएर भएको विस्फोटमा परी कम्तीमा ३० जनाको मृत्यु भएको र २० जनाभन्दा बढीको अवस्था अज्ञात रहेको इरानी अधिकारीले बताएका थिए।

इरानको रेड क्रिसेन्टले खानीमा खोजी तथा उद्धार कार्य जारी रहेको र त्यहाँ केही कामदार फसेको जनाएको छ। खानीमा ग्याँस जमेकाले खोजी कार्य कठिन भएको जनाइएको छ।

# मेडिकल व्यवसायी प्रसाई पक्राउ



**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असोज ।**
मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई काठमाडौं जिल्ला अदालतमा पेस गरिएको छ । आइतबार उनलाई जिल्ला अदालतमा पेस गरिएको हो ।

प्रसाईंलाई अदालत ल्याउँदा उनका समर्थकले नाराबाजी गरेका थिए । नाराबाजी गर्ने चार जनालाई प्रहरीले गिरफ्तार गरेको छ ।

मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई प्रहरीले पक्राउ गरेको छ । उनलाई भक्तपुरबाट पक्राउ गरिएको हो ।

असोज २ मा जिल्ला अदालत काठमाडौंले प्रसाईंलाई पक्राउ गर्न अनुमति दिएको थियो । उनीविरुद्ध विद्युतीय कारोबार ऐन अन्तर्गत साइबर ब्युरोमा जाहेरी दर्ता भएको छ ।

प्रसाईंसँगै बाग्लुङका जीवन पाण्डे र धादिङका प्रकाशचन्द्र दाहाललाई पनि पक्राउ गर्न अदालतले अनुमति दिएको छ ।

# दुई महिनामा साढे ९४ अर्ब सरकारी ऋण थपियो

काठमाडौं, ६ असोज (रासस) ।
चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा रु ९४ अर्ब ५२ करोड सरकारी ऋण थपिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष सुरु हुँदा रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेको सार्वजनिक ऋण भदौ मसान्तसम्म बढेर रु २५ खर्ब २८ अर्ब ६२ करोड बराबर पुगेको छ । हालसम्मको कूल सार्वजनिक ऋण मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४४ दशमलव ३२ प्रतिशत बराबर हो ।

चालु आर्थिक वर्ष सुरु हुँदा आन्तरिक ऋण रु ११ खर्ब ८० अर्ब ९० करोड बराबर रहेकामा भदौ मसान्तसम्ममा बढेर रु १२ खर्ब ३५ अर्ब ९० करोड पुगेको छ । जिडिपीका आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६६ प्रतिशत बराबर हो । यो दुई महिनामा सरकारले रु ९० अर्ब आन्तरिक ऋण उठाउँदा रु ३५ अर्ब बराबर ऋण तिरेको छ ।

त्यस्तै, भदौ मसान्तसम्म तिर्न बाँकी बाह्य ऋण रु १२ खर्ब ९२ अर्ब ७१ करोड छ । चालु आवको सुरुआतमा बाह्य ऋण रु १२ खर्ब ५३ अर्ब १९ करोड बराबर थियो । पछिल्लो दुई महिनामा सरकारले बाह्य ऋणको साँवा र ब्याज भुक्तानीमा रु १४ अर्ब पाँच करोड खर्च गरेको छ भने यहि अवधिमा रु चार अर्ब ६७ करोड बराबर बाह्य ऋण थपेको छ । जिडिपीको तुलनामा बाह्य ऋण २२ दशमलव ६६ प्रतिशत बराबर हो ।

चालु आर्थिक वर्षका लागि सरकारले रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण उठाउने लक्ष्य लिएकामा भदौ मसान्तसम्ममा रु एक खर्ब चार अर्ब पाँच करोड ऋण उठाइसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले जानकारी दिनुभयो । वार्षिक लक्ष्यको तुलनामा यो अवधिको सार्वजनिक ऋण प्राप्ति १८ दशमलव ६६ प्रतिशत बराबर हो ।

चालु आर्थिक वर्षका लागि सरकारले सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानी गर्ने प्रयोजनका लागि कूल रु चार खर्ब दुई अर्ब बजेट छुट्याएको छ । भदौ मसान्तसम्ममा रु ४७ अर्ब ७१ करोड ५१ लाख बराबर साँवा ब्याज भुक्तानी भइसकेको छ । यो अवधिको साँवा ब्याज भुक्तानी वार्षिक बजेट विनियोजनका आधारमा ११ दशमलव ८४ प्रतिशत बराबर हो । जिडिपीको आधारमा भदौ मसान्तसम्मको कूल ऋण सेवा खर्च शून्य दशमलव ८४ प्रतिशत बराबर हो ।

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा थप गरिएको व्यवस्था हटाउन माग

काठमाडौं, ६ असोज (रासस) ।
अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन), विश्व वातावरण कानुन आयोगले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ का केही व्यवस्था हटाउन माग गरेको छ ।

आयोगले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै संशोधनमार्फत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएको दफा ५ क र ६ (१ क) को व्यवस्था हटाउनुपर्ने माग गरेको हो । संशोधित व्यवस्थाबाट नेपालले संरक्षण क्षेत्रमा पुर्‍याएको योगदानलाई कुण्ठित गर्दै विश्वभरि नकारात्मक सन्देश जाने भन्दै सो व्यवस्था हटाउन माग गरिएको विज्ञप्तिमा उल्लेख छ ।

आयोगका अध्यक्ष एवं पूर्वन्यायाधीश डा रवि शर्मा अर्यालले राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्र आफैँमा संवेदनशील रहेको र अन्तर्राष्ट्रिय मूल्य, मान्यता र परिभाषाविपरीत ती क्षेत्रभित्र पनि अर्को अतिसंवेदनशील क्षेत्र तोकी सङ्कुचन गर्न खोजिएकाले उक्त व्यवस्था हटाउनुपर्ने बताउनुभयो ।

"राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएको दफा (५ क) मा उल्लेखित व्यवस्थानुसार राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील क्षेत्र तोक्न सक्ने भनी व्यवस्था गरिएको छ", उहाँले उल्लेख गर्नुभएको छ, "उक्त संशोधनले संरक्षण क्षेत्रको सिद्धान्तविपरीत राष्ट्रिय निकुञ्ज र आरक्षजस्ता संरक्षित क्षेत्रमा रहेको बाध्यात्मक शर्तलाई निस्तेज गरी सरकारको स्वेच्छा र स्वविवेकमा छोडिएको देखियो । यस प्रकारको स्वैच्छिक एवं स्वविवेक प्रयोग गर्न सकिने व्यवस्थाबाट नेपालको संविधानको धारा ३० (३) को मर्म र भावनाअनुरुप वातावरण र विकासबीच समुचित सन्तुलन कायम हुने देखिँदैन ।"

विकासको नाममा संरक्षित क्षेत्रभित्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना र राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्दा संरक्षित क्षेत्रको प्रकृति र प्राकृतिक स्रोतको अन्धाधुन्ध शोषण हुनसक्ने र जसले वातावरणीय असन्तुलन पैदा हुन जाने विज्ञप्तिमा उल्लेख छ ।

"राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएको दफा ६ (१ क)ले अस्तित्वमा रहेको स्रोतको उपयोगका नाममा गरिने लगानीले ती स्रोतको शोषणमा मानवीय हस्तक्षेप गराउने आधार सृजना गरेको छ । यसर्थ वन तथा वातावरण र संरक्षित क्षेत्रसम्बन्धी कानुनी व्यवस्थालाई निस्तेज गर्ने दुरासयपूर्ण मनसाय रहेकाले उक्त दफा ५ क र ६ (१ क) संशोधन गर्न, हटाउन जोडदार माग गर्दछौं", विज्ञप्तिमा अगाडि भनिएको छ ।

संरक्षण क्षेत्रको परिभाषा र सिद्धान्तविपरीत कानुनको संशोधन/थप गर्ने व्यवस्थाले नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त गरेको प्रतिष्ठामा समेत नकारात्मक असर पर्ने सङ्घले जनाएको छ ।

# पूर्व डीआईजी जोशी पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असोज ।**
सूर्यदर्शन सहकारीको रकम अपचलन गरेको मुद्दामा प्रहरीले पूर्व डीआईजी छविलाल जोशीलाई आइतबार पक्राउ गरेको छ ।



काठमाडौंबाट पक्राउ परेका प्रहरीबाट अवकाश पाएका जोशीलाई पोखरा लैजाने तयारी छ । उनी गोर्खा मिडिया नेटवर्कका सञ्चालक हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछाने प्रबन्ध निर्देशक रहेको गोर्खा मिडियामा पाँच वटा सहकारीबाट ६५ करोड ५४ लाख अपचलन भएको सहकारी छानबिन समितिले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई, लामिछाने र जोशी व्यापारिक साझेदार हुन् ।

# सातै प्रदेशमा राजनीतिक प्रशिक्षण सञ्चालन गर्दै समाजवादी मोर्चा

काठमाडौं, ६ असोज (रासस) ।
समाजवादी मोर्चा नेपालले सातै प्रदेशमा राजनीतिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

मुलुकको समसामयिक राजनीतिक अवस्था र अन्तर्राष्ट्रिय परिवेशमा केन्द्रित रहेर प्रदेश तहमा सभा, सम्मेलन, जनाधिकार, सामाजिक विकासलगायत विषयमा प्रशिक्षण छिट्टै सञ्चालन गर्न लागेको मोर्चाका नेता प्रमेश हमालले जानकारी दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का वरिष्ठ नेता हमालले मोर्चामा आबद्ध पार्टीका शीर्षनेताहरूले प्रशिक्षण दिने कार्यक्रम तय भएको बताउनुभयो ।

वामपन्थी शक्तिलाई एकताबद्ध गरी एउटै र बलियो कम्युनिष्ट पार्टी बनाउने लक्ष्यसहित मोर्चा गठन भएको र मोर्चाले अनौपचारिक रूपमा ती समूहसँग छलफल गरिरहेको जनाएको छ ।

### *दसैंसम्म पानी...*

मंगलवार देशभर आंशिकदेखि साधरणतया बदली रहने, अधिकांश भागमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागको भनाई छ ।

यो वर्ष दसैंसम्म मनसुन सक्रिय रहने अनुमान गरिएको छ । त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक डा.विनोद पोखरेलले पनि यो वर्ष दसैंसम्म मनसुन बाहिरिने सम्भावना कम देखिएको उल्लेख गरेका छन् ।

मौसम विज्ञान विभागले आगामी केही दिन देशभर मौसममा उतार चढाव भइरहने र वर्षाको सम्भावना रहेकोले सम्भावित जोखिमलाई मध्यनजर गर्दै सावधानी अपनाउन पनि आग्रह गरेको छ ।


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**जनहीतमा जारि : राजविराज दैनिक**

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np